फोन नं. ०२५-५६०१९४
फ्याक्स नं. ०२५-५६०९५२

# सुनसरी जिल्ला अदालत

## ईनरुवा, सुनसरी

प.स. : ०७४/०७५
च.नं. : ९६२८५

मिति :-२०७५/०२/०६

विषयः- दण्ड जरिवानाको छुट सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यस अदालत तथा अन्य अदालतको अन्तिम फैसला बमोजिम विभिन्न व्यक्तीहरुलाई विभिन्न मुद्दामा लागेको दण्ड जरिवना, सरकारी विगो र कोर्ट फी समेतको लगत यस अदालतमा कायम रहेको हुँदा उक्त लगत असुल हुन बाँकी रहेको दण्ड जरिवाना, सरकारी विगो र कोर्ट फी आदीको बाँकी बक्यौता बुझाउन ल्याउन हुन सम्बन्धित लगतवाला व्यक्तीहरुका लागी मिति २०७५/०१/३१ का केन्द्रिय लगत कट्टा समितिको निर्णयानुसार सर्वोच्च अदालत नियमावली,२०७४ को नियम १३५(१) को प्रयोजनको लागी मुलुकी ऐन दण्ड सजायको महलको २४ नं. को अधिनमा रही अन्तिम फैसला बमोजिम कायम भएको कैद, जरिवाना र सरकारी विगोको यो सूचना प्रकाशन भएको मितिले २०७५ साल साउन मसान्त भित्र बुझाउन आएमा यो नियमावलीको नियम १३५ को खण्ड (क) (ख) (ग) बमोजिम छुट दिई लगत कट्टा गरीने व्यहोरा सम्बन्धित सबैको लागी यो सुचना प्रकाशित गरिएको छ ।

१. सूचना प्रकाशन भएको मितिले ५० बर्ष भन्दा अघिको अन्तिम फैसला बमोजिमको लगतमा ७५ प्रतिशत ।

२. सूचना प्रकाशन भएको मितिले ३० बर्ष भन्दा अघि ५० बर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा ५० प्रतिशत ।

३. सुचना प्रकाशन भएको मितिले २० बर्ष भन्दा अघि ३० बर्ष सम्मको अन्तिम फैसला बमोजिमको लगतमा २५ प्रतिशत ।

नोटः- थप जानकारीको लागी यस अदालतको फोन नं. ०२५-५६०१९४ मा सम्पर्क गर्नुहोला ।

भेषराज भट्टराई
(तहसिलदार)